

पाठशाला

# PATHSHALA









सार्थक शिक्षा: सार्थक जीवन



from

# CEO's Desk

सार्थक शिक्षा: सार्थक जीवन



Dear Parents and Guardians,

Greetings! It gives immense joy and sense of pride to welcome you at Pathshala. Education transforms life. Pathshala is a school opened with well-tailored vision and mission with action followed by. The team of Pathshala believes that every individual child has many possibilities. Educating their is not merely to train to read and write, but developing the habit of learning, instilling curiosity and shaping them a decent person are some important components. Modern Researches in Psychology, Education and Sociology have proven that a person is what he or she experienced, learnt and perceived in his childhood be it at school or home or community.

In accordance with the time and values of world order at present, every individual is to be prepared to play the best part in their life/career. Success in career and failure in family as well as life are common instances of modern developed world. A child has to internalize from the very beginning that cooperation and love should begin from one's side first. The trusts put on us and changing expectation of time in education has made us even more responsible.

Ishwor Adhikari
Chief Executive Officer (CEO)



Principals'

# Message

Welcome to Pathshala, a learning organization that thrives always to learn the best practices in local as well as global context and keep transforming itself as a whole institution!

Pathshala is the institution that believes in providing opportunities and environment for children to aspire for high achievement with practice of values. Pathshala Team is well aware of the fact that every individual child has innate potential that has to be identified and nurtured in time. Therefore, PNF is well prepared to encourage every student's insightful learning with confidence and skills.

The vision and implementation of strategies for progress of this institution has inspired many which encouraged us to perform better every year with wider innovations and deep-commitment day in and day out. This also has enabled us to gain the trust of children, their parents and guardians and many well-wishers of the society. Their support and wishes have made us thrive more for the best outcome and move ahead.

Pathshala, as always, is determined to foster not only knowledge development of learners but also their multiple intelligence and to cultivate the sentiment of global changes and challenges. Such achievements are possible only through the inspiring and able faculty members. Only they can transform the motto of the school, 'Meaningful Education for Meaningful Life', into the reality. Therefore, we value the welfare of our teachers by providing better working environment and opportunities to grow professionally as well as personally. We encourage them to use the best resources and their best experiences.

We assure that Pathshala is all set for the new years ahead with new endeavors towards the new height of achievements! We welcome all to work and walk hand in hand with us in creating a new meaningful sensation in the world of learners! Let us all come together to render our part of meaningful contribution to the society, nation and the world.

We welcome you at Pathshala at New Baneshwor or Bagdol to discover what we are and what really makes Pathshala an appropriate family for your learners to grow.





Anita Tamang
PNF- Baneshwor
Principal



Bishwo Nath Kandel
PNF-Bagdol
Principal







## Introduction

Pathshala was founded in 2004 AD as co-educational English medium School to cater the need of quality schooling in the context of 21st century learning. Education is an asset of every individual. This fact cannot be ignored in today's globalized world. For some decades in Nepal, the ultimate goal of education has been to be a doctor or an engineer or a technician or empower students to get a job without placing values in personal integrity. Success at any cost and by any means is misleading the entire Nepalese society. The major focus has been placed on fluency of speech in English, doing homework and securing position in examination. Community assesses school children by marks they obtain in examination rather than their cognitive, social, emotional, psychological, motor and moral development. Parents hardly think of how responsible the child has been after school; how helpful and sociable she/he has been. Pathshala does not believe in providing mere theoretical knowledge: we rather follow practical and behavioral aspects of education. We have realized that the goal should be to become a good citizen along with the content of information. The current need of the nation is education for meaningful life. At Pathshala, we believe that a student's life should be meaningful, not just successful—fostering purpose, values, and lifelong learning beyond academics. We believe few educated good people can influence and ignite change among larger mass.

The prime goal of the education should be profession oriented with humanity and ethics. Students should be responsible and accountable to the world, nation, community and family. Pathshala Nepal is established to address these issues and its activities are conducted to accomplish these goals. Though it is very challenging, innovative and creative; it is not impossible to achieve. The whole child, or whole person focus of learning can bring miraculous changes in students. Pathshala Nepal is an effort of a group of educators who are working for improving traditional instructional approaches. Since its inception, Pathshala is emerging as most sought after 21st Century education center and has been a source of inspiration for many other educational institutions in Nepal. It has been generally observed that many parents have been taking their children abroad seeking better education from Nepal's schools whereas we have many examples of comeback. Pathshala team is proud to share that this institution has provided education with global standard with local values.

# परिचय

पाठशाला नेपाल २१ औँ शताब्दीको शैक्षिक माग, आवश्यकता र गुणस्तरलाई ध्यानमा राखी ई.सं. २००४ मा स्थापित एक अङ्ग्रेजी माध्यमको विद्यालय हो । शिक्षा प्रत्येक व्यक्तिको पुँजी हो । खास गरी अहिलेको साँघुरिएको विश्वमा समयसापेक्ष शिक्षाको महत्त्वलाई कम आकलन गर्न सकिँदैन । नेपालमा केही दशकदेखि शिक्षा लिनुको प्रमुख उद्देश्य डाक्टर, इन्जिनियर र प्राविधिक बन्नु, जागिरका लागि योग्यता हासिल गर्नु, व्यक्तिगत अस्तित्व र मूल्यमान्यताभन्दा बढी जुनसुकै हालतमा व्यक्तिगत लाभ लिई समाजमा चिनिनु हो भन्ने प्रवृत्ति विकसित हुनुले नेपाली समाजको गन्तव्य नै फरक पर्न गएको छ । हिजोआज अङ्ग्रेजी भाषा फरर बोल्नु, थुप्रो गृहकार्य गर्नु र परीक्षामा राम्रो अङ्क प्राप्त गर्नुलाई नै विद्यार्थीको मुख्य सफलता ठान्ने गरिएको पाइन्छ । अर्थात् वर्तमान समाजले विद्यार्थीको मूल्याङ्कन उसको बौद्धिक, सामाजिक, संवेगात्मक, मनोवैज्ञानिक तथा नैतिक विकासका आधारमा भन्दा पनि परीक्षामा प्राप्त गरेको अङ्कका आधारमा गर्ने गरेको पाइन्छ । आफ्नो विद्यार्थी विद्यालयमा भर्ना भएर पढ्न लागेपछि ऊ कति कर्तव्यनिष्ठ र सामाजिक बन्यो भन्ने कुरातर्फ अभिभावकहरूको ध्यान जान सकेको खासै देखिँदैन । विद्यालयहरूले विद्यार्थीको व्यावहारिक, जीवनमुखी, प्रयोगात्मक तथा सामाजिक पक्षतर्फ आवश्यक मात्रामा ध्यान पुऱ्याउन नसकेको अनुभव हुन्छ । कोरा सैद्धान्तिक ज्ञान प्रदान गरी प्रयोगात्मक र व्यावहारिक ज्ञानको पक्षलाई उपेक्षा गरिएको छ । हामीले के अनुभव गरेका छौँ भने शिक्षाको उद्देश्य सार्थक जीवन र समुन्नत समाजको स्थापनामा अहम् भूमिका निर्वाह गर्ने हुनुपर्छ । असल मानिस र सुसूचित योग्य नागरिक निर्माण गर्नेतर्फ शिक्षा केन्द्रित हुनुपर्छ किनकि एक असल र शिक्षित व्यक्तिले नै आम समाजमा परिवर्तनको ज्योति सल्काउन सक्दछ ।

शिक्षाको प्रमुख उद्देश्य विद्यार्थीलाई निश्चित पेसा र लक्ष्यप्रति उन्मुख गराउनुका साथै मानवीय मूल्य र मान्यतासहितको व्यक्तित्व निर्माण गराउने खालको हुनुपर्छ । प्रत्येक विद्यार्थी आफ्नो परिवार, समाज, राष्ट्र र विश्वप्रति उत्तरदायी र जिम्मेवार बन्न सक्नुपर्छ । विद्यार्थीको जीवनमा सफलता मात्र होइन, सार्थकता पनि हुनुपर्छ भन्ने कुरामा पाठशाला नेपाल विश्वास गर्दछ । पाठशाला नेपालको शैक्षिक प्रयास यिनै विषयवस्तुलाई सम्बोधन हुने गरी सिकाइका गतिविधि सम्पन्न गर्ने दिशामा क्रियाशील छ । यद्यपि यी सिकाइ प्रक्रिया नवीन, सिर्जनशील र चुनौतीपूर्ण छन् तर असम्भव चाहिँ छैनन् । सिकाइको यस नयाँ प्रयोगद्वारा कुनै पनि विद्यार्थीको सर्वाङ्गीण विकास हुने र व्यक्तित्वमा आमूल परिवर्तन ल्याउन सकिने अपेक्षा पाठशाला नेपालको रहेको छ । पाठशाला नेपाल एक्काइसौँ शताब्दीको शिक्षाको आवश्यकतालाई सम्बोधन गर्ने र अन्य शैक्षिक संस्थालाई समेत मार्ग निर्देशन गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक केन्द्र हो । हामीले सोचे जस्तै अहिले नेपालका अधिकांश अभिभावकहरूले गुणस्तरीय शिक्षाका लागि विद्यार्थीहरू विदेश लैजाने परिपाटीमा परिवर्तन ल्याउँदै विदेश गएका थुप्रै विद्यार्थीहरू नेपाल फर्किने गरेको र पाठशाला तिनको रोजाइ बन्ने गरेको स्थिति छ । स्थानीय परिवेश र मौलिक मान्यतालाई केन्द्रमा राखी अन्तर्राष्ट्रिय स्तरको शैक्षिक सेवा प्रदान गर्न सकेकोमा पाठशाला नेपाल गौरव गर्दछ ।







## Pathshala's Vision

The vision of Pathshala Nepal is to develop all aspects of school life in meaningful situation so that children achieve their full potential both academically and socially. This education takes place within a challenging, stimulating and caring environment in which educational values are central to the ethos of the school and its teaching. 'Meaningful Education for Meaningful Life' is the motto of this school.

## Our Mission

- To help students develop full potential with lively and enquiring minds, the ability to question and discuss rationally.
- To foster a warm and friendly atmosphere within a caring school community in which students' self-esteem and respect for others can develop.
- To provide a broad, balanced curriculum which fulfills the requirements of the National Curriculum and which should be appropriate and matched to the development level and needs of individual students, giving due regard to the fundamental importance of maths and language.
- To help students to acquire knowledge and skills by encouraging them to take pride in their achievements.
- To promote the good conduct and sense of responsibility
- To promote respect for local values, tolerance of other races, religions and ways of life.
- To help students to appreciate human achievements and aspirations.
- To help students to understand the world in which they live and the interdependence of individuals, groups as well as nations.
- To provide equal opportunities, responsibilities and rights regardless of race, gender, background and ability to children.
- To enhance the partnership among students, parents and school in the education of our children.
- To promote the role of the school within the community, to encourage our students to care about and take responsibility for our environment both locally and globally.

## The School Community

Pathshala Nepal brings together children and adults of wide variety of ethnic groups and nationalities in inter-cultural network/harmony while celebrating the diversity of our school population. We also seek to forge among parents, students, teaching and non-teaching staff. This unified and caring community exhibits mutual respect and understanding where each individual feels welcomed and valued. We believe that through consistent application of these principles and ideals; a learning community will be nurtured in which rational, caring and intellectually discerning students will develop.

## पाठशाला नेपालको दृष्टि

पाठशाला नेपालको मुख्य गन्तव्य भनेको विद्यार्थीको विद्यालयीय जीवनको सार्थक र सर्वाङ्गीण विकास गर्नु हो जसबाट विद्यार्थीहरूले सामाजिक तथा शैक्षिक दुवै क्षेत्रमा पूर्ण दक्षता हासिल गरी सार्थक जीवनयात्रा गर्न सकुन् । "सार्थक जीवनका लागि सार्थक शिक्षा" पाठशाला नेपालको मूल मन्त्र हो । यस्तो शिक्षा चुनौतीपूर्ण, उत्प्रेरणात्मक, उत्साहपूर्ण तथा उचित रेखदेखपूर्ण वातावरणमा उपलब्ध गराइन्छ तथा शैक्षिक, मानवीय र राष्ट्रिय मूल्यमान्यतालाई केन्द्रविन्दुमा राखी शिक्षण सिकाइद्वारा यसको गन्तव्यसम्म पुगिन्छ । उत्कृष्ट अभ्यासहरूका आधारमा ज्ञान र सिपका माध्यमले २१ औं शताब्दीसुहाउँदो अन्तर्राष्ट्रिय अनुभवसँग राष्ट्रिय मूल्य र मान्यतालाई आत्मसात् गरी जीवनको रूपान्तरण गराउने सोचका साथ एक सिकाइ केन्द्रका रूपमा पाठशाला नेपाल सञ्चालित छ ।

## प्रमुख उद्देश्यहरू

- विद्यार्थीहरूमा प्रश्न र छलफल गर्न सक्ने आन्तरिक क्षमता तथा जिज्ञासु स्वभावको विकास गर्नु ।
- रेखदेखपूर्ण तथा न्यानो र मायालु वातावरणमा विद्यार्थीमा आत्मसम्मान लिने एवं अरूको सम्मान गर्ने बानीको विकास गर्नु ।
- राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसमेत हासिल गर्नमा मद्दत पुग्ने गरी विस्तृत र सन्तुलित पाठ्यक्रमको प्रयोग गर्नु ।
- विद्यार्थीहरूलाई आफूले सिकेका असल कामकुराप्रति गौरव गर्न सिकाउनु ।
- विद्यार्थीहरूलाई सकारात्मक तात्पर्यमा अनुशासित बनाउनु ।
- नैतिक मूल्यमान्यताप्रति सजग रही सबै धर्म, जात, भाषा र संस्कृतिप्रति सहिष्णु नागरिक तयार पार्नु ।
- विद्यार्थीलाई आफू बसेको समाज, देश र विश्वका बारेमा जानिफकार बनाउनु ।
- मानवीय मूल्यमान्यता र उपलब्धीप्रति प्रशंसक र गुणग्राही नागरिक तयार पार्नु ।
- विद्यार्थीको उमेर, क्षमता र आवश्यकताका आधारमा सबैलाई भेदभावरहित रूपमा समान अवसर दिई शिक्षण गर्नु ।
- विद्यार्थी, विद्यालय, समाज र अभिभावकबिच सहकार्यको खोजी गरी विद्यार्थीको सिकाइनिम्ति सहकार्य गर्नु ।
- विद्यालयको हाताभित्र र बाहिर विद्यालय र विद्यार्थीको भूमिका किटान गरी कार्य गर्नु ।

## पाठशाला परिवार

पाठशाला नेपालमा विभिन्न भाषा, संस्कृति, परिवेश र विविध जीवनपद्धति भएका शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहन्छ । यिनीहरूबिच विद्यालयमा आपसी सुझबुझ, समझदारी र सहकार्यको विकास गरिन्छ । यिनै आधारभूत सिद्धान्तको प्रयोगद्वारा दक्ष र मानवीय व्यक्तित्वको निर्माण गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।








## School Curriculum

We hold that the process of learning should be enjoyable, active, meaningful and practical for everyone involved. We recognize that our students come to us with a wide variety of learning styles, academic abilities, creative skills, linguistic and cultural experiences. As a result, we employ teaching methods that are child oriented, creative, varied and flexible. Our teachers and students are partners in learning, sharing decisions that affect both learning and behavior. We encourage our teachers and students to interact on emerging or controversial issues such as global warming, health, migration, economic, political, environmental and social issues. These issues lead to a need for students to be able to communicate, function and create change personally, socially, economically and politically on local, national and global levels. We engage them in appropriate, justifiable, risk taking and confident activity. The integrated approach of teaching enables to link various subjects with an object. We have additional curriculum to achieve the goal of Pathshala besides Nepal's National curriculum.

## Library

Library is open and immense source of information. Pathshala has two concepts of Library. Classroom library is basically meant for Primary where level wise literature i.e. books, periodicals and students made journals are made available. Senior classes use resource library and e-library for exploring information, reading for pleasure and developing reading habits. Students can borrow books from the library. The classroom library is vital in this school because each child has to maintain reading log. Students have to make entry of reading in the log which will be notified to parents. Parents and teacher can have conversation during parent teacher conference. Teaching is based on curriculum rather than textbooks. So varieties of literature are kept in classroom library.

## School Teacher & Staff

The most important academic resource any school has, of course, is the Teachers. We take pride in having dedicated, experienced and enthusiastic teachers who conduct the most of our activities, the school day offering a broad balanced curriculum. This school has ongoing teacher induction programs for professional development. Child as well as adult development is the prime concern of this school. This school comprises trained, dedicated and professional teaching and non-teaching staff. Pathshala Nepal conducts training-cum-orientation program for the new teaching faculty as well as administrative human resources every year before the commencement of academic session. Apart from that, refresher sessions and teachers-workshops are regular every months for all teachers. They are trained in curriculum development, teaching pedagogy, assessment, psychology, classroom management, parental involvement, communication system etc.

## पाठ्यक्रम

प्रत्येक विद्यार्थीका लागि सिकाइको प्रक्रिया मनोरञ्जनात्मक, सशक्त, परिवर्तनशील तथा गतिशील हुनुपर्छ भन्ने कुरामा हामी विश्वस्त र दृढ सङ्कल्पित छौँ। हाम्रा विद्यार्थीहरूमा सिकाइका विविध अनुभवहरू (शैक्षिक, भाषिक, सांस्कृतिक आदि) हुन्छन्। त्यसैले हामी विद्यालयमा सृजनात्मक, विविध र परिवर्तनशील शिक्षण विधिको प्रयोग गर्छौं। हाम्रा शिक्षक र विद्यार्थी दुवै शिक्षण सिकाइका साझेदार हुन्। उनीहरू एकअर्काका अनुभवहरू कक्षाकोठामा आदानप्रदान गर्छन्। हामी हाम्रा शिक्षक शिक्षिकाहरूलाई विवादास्पद, जल्दाबल्दा तथा गम्भीर विषयहरूमा अन्तक्रियात्मक छलफल गरी निष्कर्षमा पुग्न अभिप्रेरित गर्छौं। जस्तैः भूमण्डलीय ऊष्मीकरण, खाद्य सङ्कट, गरिबी, स्वास्थ्यसमस्या, विश्व जनसङ्ख्या वृद्धि र अन्य वातावरणीय तथा सामाजिक मुद्दाहरू। यस्ता समस्याहरूसँग जुध्न, पहल गर्न र परिवर्तन ल्याउन आजका विद्यार्थीहरू स्थानीय, राष्ट्रिय र विश्वव्यापी तहमा व्यक्तिगत, सामाजिक, आर्थिक र राजनीतिक हिसाबले सबल, सक्षम र रूपान्तरित हुनु जरुरी छ। नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा जारी गरिएको पाठ्यक्रममा आधारित रही राष्ट्रिय पाठ्यक्रम तथा माथिका प्रमुख उद्देश्यअनुरूप तयार पारिएको अतिरिक्त पाठ्यक्रम हाम्रो आधारभूत पाठ्यक्रम हुने गरेको छ।



## कक्षागत पुस्तकालय

पुस्तकालय विद्यालय जीवनको महत्त्वपूर्ण स्रोत तथा एक अभिन्न अङ्ग हो। ज्ञान र सूचनाको द्योतक पुस्तकालय प्रयोजनलाई पाठशालाले शिक्षण पद्धतिमा समाहित गरेको छ। पुस्तकालयका दुई पक्षलाई पाठशालाले अँगालेको छ। पाठशाला नेपालका प्राथमिक तहका कक्षाकोठामा पुस्तकालयको व्यवस्था गरिएको छ। विद्यार्थीहरूले कक्षाकोठाको पुस्तकालयबाट किताब लगेर घरमा पढ्न पाउँछन्। विद्यार्थीका लागि 'अध्ययन-पुस्तिका' निर्माण गर्नुपर्ने भएकाले पनि कक्षाकोठाको पुस्तकालय अनिवार्य गरिएको हो। त्यस्तै माथिल्ला कक्षाका विद्यार्थीहरू पुस्तकालयमा भएका पुस्तक तथा ई-पुस्तकालयबाट सूचना र ज्ञानको खोज गर्छन्। हरेक विद्यार्थीले निश्चित सामग्रीको प्रयोग र अध्ययन गर्नुपर्ने हुन्छ। त्यसको अभिलेखलाई अध्ययन-पुस्तिकामा समावेश गरी कक्षा चढाउने काममा समेत प्रयोग गरिन्छ। यस पुस्तिकाका बारेमा शिक्षक र अभिभावकबिचको बैठकमा छलफल गरिन्छ। विद्यालयको शिक्षण विशेष पाठ्यक्रममा आधारित भएकाले पनि यस विद्यालयका सन्दर्भमा कक्षाकोठागत पुस्तकालयको आवश्यकता र महत्त्व बेसी रहेको छ। हुन पनि विद्यार्थीहरूका लागि जुनसुकै बेला प्राप्त हुने गरी तयार पारिएको कक्षाकोठा-पुस्तकालय अपरिहार्य हुन्छ।



## शिक्षक र कर्मचारी

शिक्षण सिकाइका प्रमुख स्रोत भनेकै विद्यालयका शिक्षकशिक्षिका हुन्। हामी यस विद्यालयको लक्ष्य र शिक्षण पद्धतिअनुरूप शिक्षण गर्नका लागि यस विद्यालयद्वारा नै तालिम दिइएका दक्ष, तालिमप्राप्त, अनुभवी र आधारभूत योग्यता पुगेका शिक्षकहरूको व्यवस्था गर्छौं जो यस विद्यालयले निर्धारण गरेको पाठ्यक्रमको उद्देश्य हासिल गर्न सक्षम र सधैँ तत्पर रहन्छन्। यस विद्यालयका शिक्षकशिक्षिकालाई सधैँ चुस्त राख्न नियमित शैक्षिक वृत्ति विकास कार्यक्रम सञ्चालन गरिन्छ। विद्यार्थीहरूको विकासका साथै तिनीहरूसित सम्बन्धित कर्मचारीहरूको वृत्ति विकासलाई पनि यहाँ उत्तिकै महत्त्व दिइन्छ।




Veggies!






पाठशाला






कक्षा प्रतिनिधि निर्वाचन
२०८१
आफ्ना कक्षाका प्रतिनिधि आफैं चुनौं
नेपाल








CASIO


PATHSHALA SPORTS MEET 20









## Parents Involvement

The school makes a team of Committee as ATP- Action Team for Partnership (ATP). Representatives from parents of all the grades and school management including principal comprise the team which facilitates in smooth functioning and carrying out specific tasks as per the requirement of the school.

Parents are encouraged to serve ATP. Parents can visit their children's classroom. This visit will give ideas of what their wards do at school and how he or she interacts with peers and teachers. This school offers varieties of workshops on parenting issues for parents of this school. A separate parents' e-bulletin board is created for parents besides regular flayers, conferences and newsletters. Parents of this school will be involved in six different areas.

| | | |
|---|---|---|
| Parenting | Communication | Volunteering |
| Learning at home | Decision making | Community Partnership |

## Students Assessment

The school continually monitors students' progress and saving pieces of work selected by both teachers and pupils in a record of achievement folder. Each students' portfolio is maintained and further discussed with students as well as parents. This gives a record of your ward's progress and also reinforces the message that his/her work is valuable and worth keeping. All students have terminal and annual reports as Parents- Teachers Conference (PTC). Ongoing assessment system is linked with Terminal and Annual Examination. As part of national policy and global practice, school uses grading system of evaluation.

Besides, school may also integrate international testing system in Maths, Science and English to gauge their level in regional and global standard. As and when necessary school may also ask you to visit the school, this can offer an opportunity to discuss your child's progress with his/her teachers.

## Educational Visits/Field Trips

Students will have opportunities to go out of school to expand their knowledge and experience. Educational visits provide a direct firsthand experience to make learning more meaningful. Accessing and analyzing information through these activities provides stimulus to work in the classroom. It surely enhances their curiosity and imagination which makes the learning exciting and sustainable. As students are admitted to school, we ask for parental permission to allow the children to work outside school in supervised groups. Parents can chaperone the children in educational excursions. Besides regular educational visits, students also visit certain national and international places annually to study closely about history, geography, food, customs, festivals, religions, economic and development activities of that place.

## अभिभावकको सहभागिता

विद्यालयले सबै कक्षाहरूको प्रतिनिधित्व हुने गरी अभिभावक र विद्यालयको व्यवस्थापनतर्फबाट एउटा संयक्त समिति बनाउँछ जसले विद्यालयको क्रियाकलाप एवं सञ्चालनमा सहजकर्ताको भूमिका निर्वाह गर्दछ।

अभिभावकको सहभागितालाई पाठशालाले विशेष महत्त्वको र अत्यावश्यक ठान्दछ। प्रत्येक अभिभावकलाई विद्यालय प्रशासनको अनुमति लिएर आफ्ना विद्यार्थीको कक्षाकोठा अवलोकन गर्न अनुमति दिइन्छ। यसबाट अभिभावकहरूले आफ्ना विद्यार्थीको शैक्षिक वातावरण र व्यवस्थापनबारे बुझ्न सक्ने छन् । विद्यालयले बेला बेलामा अभिभावकको संलग्नता र भूमिकाका बारेमा कार्यशाला गोष्ठीको आयोजना गर्छ। यसका थप विशेषता हुन्– अभिभावक सूचना पाटी, नियमित अन्तक्रिया, बुलेटिन आदि । अभिभावकको सहभागितालाई निम्न लिखित ६ वटा उपशीर्षकहरूमा विभाजन गरिएको छ

| | | |
|---|---|---|
| अभिभावक शिक्षा | सिकाइ | सञ्चार |
| निर्णय प्रक्रिया | स्वयंसेवा | सामाजिक साझेदारी |

## मूल्याङ्कन

यस विद्यालयले विद्यार्थीको निरन्तर मूल्याङ्कनको नीति लिएको छ । विद्यार्थीले गरेका कार्यहरूलाई सुरक्षित गर्न प्रत्येक विद्यार्थीको छुट्टै सञ्चयिका (Portfolio) निर्माण गरिन्छ । त्यसमा उसका हरेक क्रियाकलाप र उपलब्धीहरू सुरक्षित हुँदै जान्छन् । शिक्षक र अभिभावकबिच अन्तक्रिया भइरहन्छ जसमा विद्यार्थीका उपलब्धी वा अप्राप्तिका बारेमा छलफल गरिन्छ । यसबाट अभिभावकले आफ्ना विद्यार्थीको प्रगति विवरण थाहा पाउँछन् र साथै उसको प्रगतिका लागि थप मदत गर्न सक्छन् । यसप्रकार विद्यार्थीले गरेका हरेक कामलाई महत्त्वका साथ सुरक्षित राखिन्छ भने तिनीहरूका मासिक, त्रैमासिक र वार्षिक उपलब्धीहरूलाई अभिभावकमा वितरण गरिन्छ। मूल्याङ्कन ग्रेडिङ पद्धतिद्वारा गरिन्छ। साथै विद्यालयले गणित, विज्ञान र अङ्ग्रेजी आदि विषयको क्षमतामापनका लागि क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका मापनप्रणालीलाई पनि अपनाउन सक्ने छ जसद्वारा विद्यार्थी क्षमताको स्तर थाहा पाउन सकिने छ।

## शैक्षिक भ्रमण

विद्यार्थीहरूको प्रत्यक्ष ज्ञान बढाउँदै उनीहरूको शैक्षिक विकास गराउन आवश्यकता हेरी विभिन्न विषय र क्षेत्रसम्बन्धी ज्ञानका लागि विद्यालय क्षेत्रभन्दा बाहिर शैक्षिक भ्रमणमा लगिन्छ। यस्तो भ्रमणमा लैजाँदा विद्यार्थीका अभिभावकलाई पूर्वजानकारी गराइन्छ भने अभिभावकहरूलाई पनि भ्रमणमा सहभागी हुन अनुरोध गरिन्छ। सूचनाका माध्यमले प्राप्त हुने पहुँच र विश्लेषणका कार्यहरूले विद्यार्थीलाई कक्षाकोठाको सिकाइ र गतिविधिमा समेत जागृत गराउँछन्। यस्ता कार्यले विद्यार्थीहरूको रुचि र कल्पनाशक्ति बढाउनुका साथै सिकाइ प्रक्रियालाई उत्प्रेरक र दिगो तुल्याउँछन् । हामी सामूहिक रूपमा सुपरिवेक्षणसहित सम्पन्न गरिने यस प्रकारका बाज्य गतिविधिमा अभिभावकहरूको अनुमतिको अपेक्षा राख्दछौँ। कक्षा ६ भन्दा माथिका विद्यार्थीहरू वार्षिक रूपमा देश-विदेशका ऐतिहासिक, भौगोलिक, सामाजिक, आर्थिक तथा अन्य विकासका गतिविधिहरू थाहा पाउन अध्ययन भ्रमण गर्दछन्।







## Infirmary and Psychological Support

School provides first aid for minor illness or injury during normal school day. Trained Nurse and Psychologist will be available in the school for primary health care/first aid of both physical and mental health. In all the other cases, the treatment or further investigation of health status of the pupil is the responsibility of the parents who will be informed as soon as possible if their children get sick. Students who have behaviour problem, learning difficulty, sudden changes in normal pattern of socialization and other psychological problems; school provides psychological counseling at first through child counselor of the school. Parents might be informed or called as and when necessary.

## Extra-Curricular & Sports Activities

Apart from Theme-Based Co-curricular Activities, school conducts varieties of Extra-Curricular and Sports Activities during regular school hour and after school. These vary with the time of the year, need of the curriculum and interest of the community. Activities are planned and challenged through various Houses Division to instill the sense of competitiveness as well as leadership skills. Similarly, Clubs are formed according to the interest and inherent capabilities of the students into various areas. They are:

| Houses: |
| --- |
| Manaslu (Green) |
| Laligurans (Red) |
| Tilicho (Yellow) |
| Saptakoshi (Blue) |

| Clubs: | |
| --- | --- |
| Sports | STEAM |
| Music, Dance, Arts, Theatre, Martial Arts | |
| Literary | Scout |
| Environmental | Social Welfare |

## Other Facilities

**Transportation:** School provides transportation for day to day schooling in major areas of Kathmandu Valley with reliable school staff. Security and comfort are taken care of well. However, parents have choices whether they opt for school transport or they go for self -pick up and drops. Parents are expected to inform school as soon as possible when they change their address. **Cafeteria:** Healthy, hygienic and balanced meal is served in school cafeteria. School food menu includes varieties of food items.

## Parents' Handbook

All the parents will be provided Parents Handbook at the beginning of each session that will give detailed information on School guidelines/rules, Major Teaching Learning Activities, Homework Policy, Complaint Procedures, School Community, Dress Codes, School Timing and Communication System.

# शारीरिक तथा मानसिक स्वास्थ्य

विद्यालयमा भैपरी आउने विभिन्न प्राथमिक उपचारको व्यवस्था विद्यालयले आफैँ गर्छ। अन्य अवस्थामा भने विद्यार्थीको स्वास्थ्यसम्बन्धी सम्पूर्ण उत्तरदायित्व अभिभावकको नै रहन्छ। विद्यालय परिवारले विद्यार्थीमा स्वास्थ्यसम्बन्धी कुनै खास समस्या देखेमा/भेटेमा सोको जानकारी अभिभावकलाई गराई यथासम्भव रायसल्लाहसमेत दिन्छ। विद्यालयले मनोवैज्ञानिक परामर्श सेवा पनि उपलब्ध गराउँदै आएको छ।

# शैक्षिक, प्रयोगात्मक र अतिरिक्त क्रियाकलाप

विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालयले विभिन्न किसिमका शैक्षिक, प्रयोगात्मक र अतिरिक्त कार्यक्रमहरू सञ्चालन गर्दछ। यस्ता कार्यक्रमहरू विद्यालयकै समयमा तथा त्यसपछि पनि सञ्चालन हुन्छन्। विद्यालयको शैक्षिक कार्यक्रममा कमजोर देखिएका विद्यार्थीका लागि विद्यालयको समयभन्दा पछि विशेष कक्षा सञ्चालन गरिन्छ। अतिरिक्त क्रियाकलापहरू विद्यार्थीहरूलाई प्रतिस्पर्धी बनाउने र तिनमा नेतृत्वदायी सिपको विकास गर्ने उद्देश्यअनुरूप चुनौतीपूर्ण र योजनाबद्ध रूपमा विभिन्न सदनहरूमा विभाजन गरी सञ्चालन गरिन्छन्। सँगसँगै विद्यार्थीहरूमा अन्तर्निहित अभिरुचि, क्षमता र विशेषताका आधारमा विभिन्न क्लबहरू निर्माण गरिन्छन् जुन यस प्रकार छन् :

| सदनहरूः |
|---|
| मनास्लु (हरियो) |
| लालीगुराँस (रातो) |
| तिलिचो (पहेँलो) |
| सप्तकोसी (निलो) |

| क्लबहरु | |
|---|---|
| खेलकुद | स्टिम |
| सङ्गीत, नृत्य, कला र नाट्य | |
| अङ्ग्रेजी/नेपाली साहित्यिक | स्काउट |

| क्लबहरु | |
|---|---|
| वातावरण | सामाजिक सेवा |

# अरू सुविधाहरू

**पारवहनः** विद्यालयका आफ्नै र केही अन्य कम्पनीका गरी विद्यार्थीलाई काठमाडौँ उपत्यकाको मुख्य मुख्य ठाउँबाट आवतजावतको यातायात सुविधा उपलब्ध छ। सुरक्षा, सुविधा र समयलाई ध्यानमा राख्दै हरेक बसमा विद्यालयका कर्मचारी हरेक दिन साथै हुन्छन्। हरेक अभिभावकले आफ्नो सम्पर्क ठेगाना परिवर्तन भएमा विद्यालयलाई तत्काल जानकारी गराउनुपर्ने छ।

**क्यान्टिनः** विद्यालयले आफ्नै व्यवस्थापनमा स्वस्थ, सन्तुलित र सफा दिवा खाना तथा खाजाको व्यवस्था गर्दछ। विद्यालयको खानाको सूचीमा परिकारका विविधताहरू समेटिएका छन्।

# अभिभावक हातेपुस्तिका







## Values Education

Values Education is integrated in learning to instill the necessity of being responsible towards self and others. Every student as a social unit has his/her defined roles to perform at home, school and community, for the nation and to the universal beings. These social skills become a personality factors similarly elements of happiness and success at last. The lessons enable students to explore and put into practice a wide spectrum of values with the potential to enrich their lives. Proper orientation and discussion classes/sessions are conducted with regular teacher and resource person. Besides this, Yoga and Meditation classes are part of eastern values given to students.

## Teachers Training and HRD Department

Pathshala has its unit of Human Resource development for both teaching faculty and non-teaching staff. HR is life and blood of PNF. Every fresh appointment leads to induction session with on-going follow up training followed by. Each Departments are scaffold and mentored so that they fit in the school norms and standards. Leadership and Life Skills Programmes are other regular activities for the teachers and staff.

## Alumni

Since 2004 in action, many students have graduated from Pathshala. Students are performing very well both in national and international colleges/universities. School facilitates them to form an Alumni Council so that they can stay in touch and contribute via this link.

## Enhanced Learning and Communication

At Pathshala, every student is provided with an official school email, which grants access to Microsoft 365 apps and other premium tools like Canva, free of charge. This ensures that students have the best resources to support their learning.

For parents, we offer the Smart Pathshala app, available on both the App Store and Play Store. Through this app, parents can stay updated with regular notices, school calendars, exam routines, academic reports, and much more, fostering effective communication between home and school.

हरेक शैक्षिक सत्रको सुरुमा सबै अभिभावकलाई विद्यालयले हाते पुस्तिका उपलब्ध गराउने गर्छ । यस पुस्तिकामा सिकाइका गतिविधिहरू, गृहकार्य नीति, सुझाव/गुनासोप्रक्रिया, पोसाक, विद्यालय समय, सञ्चार प्रक्रिया, सुरक्षा र शुल्कसम्बन्धी निर्देशनहरू समावेश गरिएका हुन्छन् ।

## मूल्यमा आधारित शिक्षा

पाठशालाको सिकाइमा व्यक्तिले आफू, परिवार, समाज, देश र विश्वप्रति जिम्मेवार हुनुपर्छ भन्ने मानवीय मूल्यलाई समेटेको छ । व्यक्तिको स्वयं खुसी र सफलता मात्र नभई यो गुण उसको व्यक्तित्वको महत्त्वपूर्ण पक्ष बन्न सक्छ । यसअन्तर्गत : पाठ्यक्रममा आधारित नैतिक कक्षाहरू, तहगत समाजसेवा, नेतृत्वदायी जिम्मेवारी र अवसर, समीक्षा (दैनिक, त्रैमासिक, वार्षिक), प्रस्तुति (सभा, कक्षाकोठा), कक्षा बैठकहरू, योग र ध्यान आदि पर्दछन् ।

## शिक्षक तालिम र मानव संशाधन

शिक्षण सिकाइका प्रमुख स्रोत भनेकै विद्यालयका शिक्षकशिक्षिका हुन् । हामी यस विद्यालयको लक्ष्य र शिक्षण पद्धतिअनुरूप शिक्षण गर्नका लागि यस विद्यालयद्वारा नै तालिम दिइएका दक्ष, तालिमप्राप्त, अनुभवी र आधारभूत योग्यता पुगेका शिक्षकहरूको व्यवस्था गर्छौं जो यस विद्यालयले निर्धारण गरेको पाठ्यक्रमको उद्देश्य हासिल गर्न सक्षम र सधैँ तत्पर रहन्छन् । यस विद्यालयका शिक्षकशिक्षिकालाई सधैँ चुस्त राख्न नियमित शैक्षिक वृत्ति विकास कार्यक्रम सञ्चालन गरिन्छ । विद्यार्थीहरूको विकासका साथै तिनीहरूसित सम्बन्धित प्रौढहरूको विकासलाई पनि यहाँ उत्तिकै महत्त्व दिइन्छ ।

यस विद्यालयमा शिक्षण गर्नका लागि पटक पटक आधारभूत रूपमा योग्य शिक्षक तथा शिक्षिकाहरूलाई दिइने विशेष तालिममा उनीहरूलाई पाठ्यक्रमको निर्माण र विकास, शिक्षणविधि, मूल्याङ्कन, कक्षा व्यवस्थापन र बाल मनोविज्ञान सिकाइनुका साथै अभिभावकसँगको सम्बन्ध, सहभागिता र सहकार्यलगायतका विषयमा स्वदेशी तथा विदेशी विश्वविद्यालयमा तालिम प्राप्त विशेषज्ञद्वारा अभिमुखीकरण तालिम प्रदान गरिन्छ ।

## पूर्व विद्यार्थी

यस विद्यालयका पूर्वविद्यार्थीहरूले विभिन्न स्वदेश तथा विदेशका कलेज/विश्वविद्यालयमा अब्बल क्षमता देखाएका छन् । पाठशालाले आफ्ना पूर्वविद्यार्थीसँग सम्पर्क स्थापित गर्न पूर्व विद्यार्थी परिषद् गठनका लागि प्रोत्साहन गर्दछ ।

## सुधारिएको सिकाइ र सञ्चार

पाठशालामा, हाम्रा प्रत्येक विद्यार्थीलाई एक आधिकारिक इमेल प्रदान गरिन्छ, जसले Microsoft 365 एप्स र Canva जस्ता अन्य सुविधाहरु निःशुल्क प्राप्त गर्न मद्दत गर्दछ । यसले विद्यार्थीहरूलाई उनीहरूको सिकाइलाई सहयोग गर्ने स्रोतहरू उपलब्ध गराउँछ ।

अभिभावकहरूको लागि, हामीले Smart Pathshala एप उपलब्ध गराएका छौं, जुन App Store र Play Store दुवैमा उपलब्ध छ । यस एपमार्फत, अभिभावकहरूले नियमित सुचना, स्कुल क्यालेन्डर, परीक्षा तालिका, शैक्षिक रिपोर्ट र अन्य थुप्रै सुविधाहरू प्राप्त गर्न सक्नेछन्, जसले घर र स्कुल बिचसम्मको प्रभावकारी सञ्चारलाई प्रोत्साहन गर्दछ ।







## Pathshala Pre-Uni Program (PPUP)

Launched in 2021 AD, Pathshala Pre-Uni Program (Grade XI & XII) offers value-based education that enhances students' life skills, critical thinking, and global competencies. Aligned with the National Examination Board (NEB) curriculum, it incorporates principles from the International Baccalaureate (IB) and Cambridge Assessment International Education (CAIE), fostering intellectual curiosity, self-reliance, and emotional growth to prepare students for meaningful lives.

At PPUP, we encourage students to engage in community service and contribute to society, with Grade IX and XI students completing 40 hours of service. Students also participate in various specialized tours, including international, biology, physics, IT, and business tours, to gain real-world exposure to diverse cultures, industries, and scientific advancements.

PPUP prepares students for further studies in fields like medical, engineering, IELTS, and SAT with tailored support, including reasoning tests and personalized counseling. Weekly mentoring sessions allow students to share ideas and receive guidance. This ensures academic enrichment and readiness for future challenges.

## पाठशाला प्रि-युनीभर्सिटी कार्यक्रम (प्रि-युनी)

सन २०२१ सालमा सुरु गरिएको पाठशाला प्रि-युनी कार्यक्रम (कक्षा ११ र १२) ले मूल्यमा आधारित शिक्षा प्रदान गर्दछ। प्रि-युनी कार्यक्रमले राष्ट्रिय परीक्षा बोर्ड (NEB) अन्तर्गतको पाठ्यक्रमलाई अन्तर्राष्ट्रिय मुल्य-मान्यतामा स्थापित कार्यक्रमहरू जस्तै IB र CAIE का सिद्धान्तहरूलाई समावेश गर्दछ। यसले विद्यार्थीहरूलाई अर्थपूर्ण जीवनका लागि तयार गर्न बौद्धिक जिज्ञासा, आत्मनिर्भरता र भावनात्मक वृद्धिलाई प्राथमिकतामा राख्छ।

प्रि-युनी कार्यक्रमले विद्यार्थीहरूलाई सामुदायिक सेवामा संलग्न हुन र समाजमा योगदान दिन प्रोत्साहित गर्छौं। कक्षा ११ र १२ का विद्यार्थीहरूले सक्रिय रुपमा ४० घण्टाको समाज सेवा गर्छन्। विद्यार्थीहरूले संस्कृति, उद्योग व्यापार, सूचना र सञ्चार विज्ञान लगायतका विविध क्षैत्रहरुमा भइरहेका प्रगतिहरूलाई प्रत्यक्ष अवलोकन र अनुभव गर्न र्राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्रमणहरू गर्छन्।

प्रि-युनीले विद्यार्थीहरूलाई चिकित्सा, इन्जिनियरिङ, IELTS र SAT जस्ता क्षेत्रहरूमा थप अध्ययनका लागि तयार गर्न व्यक्तिगत परामर्शको सुविधा उपलब्ध गर्दछ। साप्ताहिक रूपमा गरिने एकल तथा सामूहिक छलफल, विचार-विमर्श र सल्लाह-सुझावको आदान-प्रदानले प्रि-युनिका विद्यार्थी र शिक्षकलाई अझ सबल र मजबुत बनाउँछ। यस्ता अवसरहरुले विद्यार्थीमा तर्क सङ्गत सिप र ज्ञानको विकास गर्छ।

## New Admission

- **Call for New Admission :** Information regarding New Admission can be obtained from **https://pathshala.edu.np/admission-procedure.**
- **Form Distribution :** From the Pathshala school administration in Bagdol, Lalitpur, or New Baneshwor, Kathmandu (the form is also available to download at **https://pathshala.edu.np/downloads**).
- **Registration:** Contact our admission officer to confirm the registration process once the admissions process begins. Interested parents or students can complete the online registration form at **https://apply.pathshala.edu.np**.
- **Form Submission:** In the given timeline with necessary supportive documents (Documents: Previous Academic Reports, Birth Certificate, Transfer Certificate, Character Certificate, EMIS Transfer Confirmation, Passport-sized photographs).
- **Proficiency Test and Interview :** On specific dates as given to parents by the school administration
- **Enrollment:** School gives notice to parents/guardians of selected students to enroll the child in a certain time frame. Parents are provided students registration ID number, Payment Voucher, Parents' Handbook, Booklist, Dress Code list and New Parents Orientation Invitation. We take limited admission and enrollment of students is carried out on a first-come, first-served basis.














# पाठशाला





## Pathshala Nepal Foundation


Bagdol, Lalitpur, Nepal
M893+H5 Lalitpur
+977-1- 5191044, 9851491044
pnflalitpur@pathshala.edu.np

New Baneshwor, Kathmandu, Nepal
M8VM+Q4 Kathmandu
+977- 1- 5244451, 9851444451
pnfbaneshwor@pathshala.edu.np










सार्थक शिक्षा: सार्थक जीवन